# वार्षिक नीति तथा कार्यक्रम
## आ .व.०८२।०८३

## सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बाह्रविसे सङ्खुवासभा
## कोशी प्रदेश नेपाल ।

प्रस्तुतकर्ता:-
श्री भीम बहादुर लिम्बु
गाउँपालिका अध्यक्ष
**मिति :- २०८२/०३/०५**

" कृषि, पर्यटन, वन, खानी र पानीको सागर,
समृद्ध सभापोखरीको दिगो आधार "

## स्थानीय सरकारको नीति तथा कार्यक्रम

(स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ४ को दफा ४.८ को चरण २ को बुँदा २.३ संग सम्बन्धित)

---

### (क) स्थानीय सरकारको नीति तथा कार्यक्रम

गाउँसभाका सदस्यज्यूहरु,

यस गरिमामय सभामा सभापोखरी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनैतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

सुन्दर, समुन्नत र समृद्ध सभापोखरी गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८२/०८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध र सुखी सभापोखरी गाउँपालिकावासी जनताको लक्ष्य हाँसील गर्न सार्वजनिक, निजी क्षेत्र र समुदायको साझेदारीमा विकास गरिनेछ । विकास र समृद्दीका लागि शान्ति र

स्थायित्वमा यस स्थानीय तहले गम्भीरताका साथ ध्यान दिनेछ । तथ्य, तर्क र कानूनका आधारमा नागरिकका जायज मागहरु सम्बोधन हुनेछन् ।

राष्ट्रियता, लोकतन्त्र, विकास निर्माण, सुशासन र समृद्धिका क्षेत्रमा सर्वपक्षीय सहमतिका साथ अघि बढ्न सभापोखरी गाउँपालिका प्रतिबद्ध छ । यो प्रतिबद्धता पुरा गर्न सभापोखरी गाउँपालिकाका सबै राजनीतिक दल र अन्य सरोकारवालाको साथ र सहकार्यको लागि आव्हान गर्दछ ।

सभापोखरी गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, भुमिहिनहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर सभापोखरी गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा वस्ति विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिएको छ ।

हाम्रा नीतिहरु प्रगतिशील र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने किसिमका हुनेछन् । विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरी अपूर्ण नीति र कानूनलाई पूर्णता दिइनेछ । साथै आवश्यकता अनुसार नयाँ नीति र कानून निर्माण गरिनेछ ।

## (ख) विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि )

विश्वव्यापी अर्थतन्त्र इरान र इजराइल युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचन तथा विद्यमान राजनीतिक र आर्थिक संक्रमणले समेत नेपाललाई प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरणमा नकारात्मक असर पुगेको छ ।

नेपालले जनसांख्यिक लाभ लिँदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा अगाडी बढ्दै गर्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सवैलाई गम्भीर

वनाएको छ । आन्तरिक र वाह्य बसाइँसराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन् । सोको प्रभाव यस सभापोखरी गाउँपलिकामा समेत परी स्थानीय उत्पादन र अर्थोपार्जनमा समेत असर परेको छ । उब्जाउ खेतवारी बाँझो हुन पुगेका छन् । यस सन्दर्भमा युवाहरूलाई सभापोखरी गाउँपालिका भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाईलाई आकर्षक वनाउने चुनौती हामी पालिकावासी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हाँसील गर्नु परेको छ । यसका लागि हाम्रो सभापोखरी गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनुपर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन सभापोखरी गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्युतीय सुशासन प्रणालीलाई सेवा प्रवाहमा प्रयोगमा ल्याई प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

## (१) विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन्:

- संविधानत: अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।

- विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट  हुनु ।
- सभापोखरी गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
- सबै वडाहरुमा सडक पूर्वाधारको पहुँच हुनु ।
- समृद्ध सभापोखरी गाउँपालिका निर्माणमा सरोकारवाला सबैको ऐक्यवद्धता र चाहना हुनु ।
- विद्युतीय सेवा प्रवाह गर्नका लागि तिनै तहका सरकारको पहलमा स्थापना भई सञ्चालनमा रहेका संरचनाहरुको प्रयोग र विस्तार क्रमिक रुपमा लागु हुँदै जानु ।
- सम्पुर्ण वडाहरुमा टोल विकास संस्थाहरु गठन भई अव्यवस्थित रुपमा रहेका उपभोक्ता समितिहरु प्रतिस्थापनको चरणमा रहनु ।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन्:

- रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
- बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
- गुणस्तरीय बीउबिजन-मलखाद समयमा नै उपलब्ध गराउनु ।
- युवा जनशक्तिलाई कृषि व्यवसाय प्रति आकर्षित गर्नु ।
- व्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
- वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त युवाहरूको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु ।
- निर्माण भएका पूर्वाधारहरूको मर्मत संभार पद्धतिको विकास गर्नु ।
- सडक लगायतका पूर्वाधारको उपयोग योजना , डिजाइन तथा ड्र्इङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई व्यवस्थित गर्ने ।

- भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु ।
- अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ती विकास गर्नु ।
- बैज्ञानिक, जलवायुमैत्री, उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भू-उपयोग योजना तर्जुमा गरी लागू गर्नु ।
- सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु ।
- प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) को मापदण्ड अबलम्बन गरी अत्याधिक दोहन रोक्नु ।
- विभिन्न कालखन्डमा सभापोखरी गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।
- सडक निर्माणमा भएको लगानीसंगै सभापोखरी गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित गर्नु ।
- घरहरूको निर्माणमा भवनसंहिता पालना गराउन तथा नक्सापास गर्ने नागरिकको आकर्षण बढाउनु ।
- विद्युतीय सेवा प्रवाहमा स्थानीय सेवाग्राहीहरुलाई सेवा प्राप्तिसँग अभ्यस्त गर्नु ।
- दिगो विकास लक्ष्य २०३० को मार्गचित्रलाई सभापोखरी गाउँपालिकाको आवधिक योजना सँग सामन्जस्यता कायम गर्दै मध्यकालीन खर्च संरचना निर्माण गर्नु ।
- गठन भएका टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा परिचालन गरी विकास निर्माणका साझेदार संस्थाको रुपमा स्थापित गर्नु ।

## (२) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

**संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौ आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस सभापोखरी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

सदिगो विकास लक्ष्य २०३० को मार्गचित्र समेतलाई ध्यानमा राखी यो , नीति तथा कार्यक्रम ल्याइएकोछ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा सभापोखरी गाउँपालिका भित्रका आम उपभोक्ताहरु ,सर्वसाधारण जनता उद्योगी ,व्यावसायीहरुसामाजिक , संघ-संस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहँदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी व्यवस्था अनुसारको ढाँचाभित्र रहि कार्यान्वयन गर्नु पर्दछ। आम नागरिकहरुले उक्त दृष्टिकोणलाई साकार बनाउनका लागि आवश्यक साथ, सहयोग तथा सुझाव सहित खवरदारी गर्नुपर्दछ। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा सभापोखरी गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता गुणस्तरीयता एवं स्वच्छतायुक्त ,पारदर्शिता , जनसहभागीता सुनिश्चित गरिने छ।

सभापोखरी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ। यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउँदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस सभापोखरी गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ।

## (ङ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण:

**भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धीहरू:**

**सडक यातायातः**

सभापोखरी गाउँपालिकाको जे.सी.बी. (JCB) तथा स्काभेटर बाट गाउँपालिकाको केन्द्रसँग जोड्ने वडाका सबै टोल वस्तीहरुमा बाह्रै महिना संचालन गर्ने गरी ट्र्याक ओपन, बिस्तार र मर्मत कार्य भएको साथै प्रमुख सडकहरुमा बाह्रबिसे चैनपुर जोड्ने सडक स्तरोन्नती भएको र सभापोखरी गाउँपालिकाको केन्द्रसँग जोडिएको बाह्रबिसे, धुपु, डके, खाँदबारीको सडक खण्डमा जम्मा ३.५ कि.मि. सडक कालोपत्रे भएको छ र १ कि.मि. ढलान भएको छ। गाउँपालिकाको प्रशासनिक भवन निर्माणमा फाउण्डेसनको कार्य सम्पन्न भई सुपर स्ट्रक्चर कार्य भईरहेको छ। लङ्खुवा खोलामा चिचिला गाउँपालिका र सभापोखरी ३ बाक्सिदा जोड्ने झो पु, लेब्राङ्ग आँपटारी देवी दह पाँचखपन

गाउँपालिका र सभापोखरी १ जोड्ने झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याईएको छ । संघीय सरकारबाट सर्शत अनुदान बाट जनज्योति मा.वि. चौविस कोठे भवन निर्माणमा फाउण्डेसनको कार्य भईरहेको छ । सिंहेश्वरी आवि सिकिदिम, कालिका आ वि लेब्राङ्ग र कैलाश मा वि पावाको विद्यालय भवन निर्माण सम्पन्न भईसकेको र प्रकाश आ वि फाकुवामा निर्माण कार्य भइरहेको छ । त्यसैगरी संघीय सरकार स्वास्थ्य मन्त्रालयबाट सर्शत अनुदान बाट सभापोखरी गाउँपालिका, वडा नं.२, वगैँचामा ५ शैया प्राथमिक अस्पताल निर्माणको कार्य सम्पन्न भइसकेको छ । पवित्र धार्मिक स्थल सभापोखरी जान तिर्थालु भक्तजनहरुको सहजताको लागि पर्यटन बोर्ड र सभापोखरी गाउँपालिकाको सहलगानिमा पदमार्ग निर्माण, बिश्रामस्थल निर्माण, पिउने पानीको व्यवस्था गरिएको छ । गाउँपालिकाको लगानिमा सभापोखरी गाउँपालिका, वडा नं. ५, फाकुवामा सडक ट्र्याक ओपनको कार्य भइरहेको छ । सभापोखरी गाउँपालिका वडा नं. १ को डके बजार, वडा नं. २ मा र वडा नं. ३ र ६ मा रहेको बाह्रबिसे बजारमा सडक बत्ती जडानको कार्य विस्तार गरिएको छ । सभापोखरी गाउँपालिका भित्रका जग्गाहरुको भु-उपयोग बर्गिकरण गरि कार्यान्वयनमा ल्याईएको छ । सभापोखरी गाउँपालिकाको आवधिक योजना निर्माण कार्य सम्पन्न भएको छ । रेडक्रस र गाउँपालिकाको साझेदारीमा वडा नं १ र २ मा २२८ घरधुरीहरुमा खानेपानीको धारा जडान गरिएको छ ।

## ❖ सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धीहरू:

सभापोखरी गाउँपालिकामा रहेका ज्येष्ठ नागरिक र अपाङ्गताको ‘क’ वर्गको गरी जम्मा ५६९ नागरिकहरुलाई घरमै गई स्वास्थ्य सेवा उपलब्ध गराइएको, बाह्रविसे स्वास्थ्य चौकीमा आधारभूत अस्पताल निरन्तर सञ्चालमा रहेको र फार्मेसि व्यवस्थापन गरिएको छ । स्वास्थ्य संस्थाहरुमा नि:शुल्क पाठेघरको मुखको क्यान्सरको

नियमित स्क्रिनिङ्ग र पाठेघरको मुखको क्यान्सर रोग विरुद्धको खोपको सुरुवात गरीएको छ ।आँखा उपचार केन्द्र संचालनमा रहेको छ । सम्पूर्ण वडाहरुमा आँखा उपचार सिविर सञ्चालन गरी आधारभूत अस्पतालमा मोतियाबिन्दुको निःशुल्क शल्यक्रिया सिविर सञ्चालन गरिएको छ । नसर्ने रोग (सुगर, प्रेसर) को स्क्रिनिङ गर्ने गरिएको छ । अपांगता रोकथामको लागि विद्यालयमा स्वास्थ्य परिक्षण गरिएको छ । सभापोखरी गाउँपालिका, वडा नं. ५, फाकुवामा सामुदायिक स्वास्थ्य ईकाई स्थापना गरि संचालनमा ल्याईएको छ । गाउँपालिका भित्रका आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूलाई उच्च शिक्षामा सर्वसुलभ पहुँच सुनिश्चित गर्नको लागि श्री त्रिवेणी पब्लिक कलेज सञ्चालनमा निरन्तरता गरिएको छ । त्यसैगरि सभापोखरी गाउँपालिका, वडा नं. १ मा रहेको जनज्योती मा.बि.मा प्राविधिक धारको कक्षा निरन्तर संचालन गरिएको छ । विद्यालयमा गुणस्तरीय दिवा खाजा कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयनका लागि प्रति विद्यार्थी प्रति खाजा रु. ५।– का दरले बजेट विनियोजन गरी कार्यान्वयन गरिएको छ । स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यन्वयनको हुदै  छ । विद्यालयहरुलाई सूचना प्रविधि सँग जोड्ने कार्यक्रमहरु सम्पन्न गरिएको छ । विद्यालयहरुमा वेबवेसमा आधारित कम्प्युटराइज्ड लेखाङ्कन सम्बन्धी तालिम कार्यक्रम सम्पन्न गरिएको छ । कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ । विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ । युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि विभिन्न किसिमका खेलकुदका कार्यक्रमहरू संचालन गरिएको  छ । राष्ट्रिय परिचयपत्र शिविर सञ्चालन गरिएको छ । महिलाहरुलाई खेल क्षेत्रमा प्रोत्साहन गर्नका लागि जिल्लास्तरीय महिला भलिबल, पालिका स्तरीय ब्याडमिन्टन, आत्मरक्षा सम्बन्धी सिप विकास तालिम र निःशुल्क कम्प्युटर सिप तालिम सम्पन्न गरिएको छ । जिल्लास्तरीय मनोपरामर्श सम्बन्धी अभिमूखिकरण कार्यक्रम र जिल्लास्तरीय न्यायिक सम्मेलन समेत सम्पन्न गरिएको छ । वडा मेलमिलाप केन्द्र सञ्चालन र विस्तारका लागि आवश्यक पूर्वाधार

व्यवस्थापनका साथै मेलमिलापकर्ताहरुका लागि मेलमिलाप सम्बन्धी पुनर्ताजगी तालिम सम्पन्न गरिएको छ। अपाङ्गताको ग र घ वर्गको व्यक्ति र निजको परिवारलाई निशुल्क स्वास्थ्य बिमा सहयोग गरिएको।

❖ **आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) का क्षेत्रमा भएका उपलब्धीहरू:**

वडा नं ६,३ र १ का कृषकहरुलाई १३०९७ केजी आलुको बिउ, कफि, हिँउदे तरकारीको बिउ र २१ जना कृषकहरुलाई अनुदानमा मिनिटिलर बितरण गरीएको। वडास्तरमा उत्कृष्ट कृषकहरुको छनौट गरि सम्मान गर्ने कार्यक्रम सम्पन्न गरिएको छ। सुन्तलाजात फलफुल विस्तार कार्यक्रम अन्तर्गत ५ वटा वडामा ३ दिने तालिम, ९५ जना किसानहरुलाई अनुदानमा सिंचाई पाइप, बोडो पेस्ट र सुन्तलाको विरुवा वितरण गरिएको छ। कफी खेती प्रवर्धन कार्यक्रम अन्तर्गत ३ दिने झोलमोल तथा कम्पोष्ट मल बनाउने तालिम, ५ दिने कफी खेती प्रविधि सम्बन्धी तालिम, कफीको बिरुवा वितरण गरिएको छ। रेडक्रसको साझेदारीमा वडा नं १ र २ मा जम्मा १९९ जनाको माटो जाँच शिविरमा माटो परिक्षण गरी रिपोर्ट वितरण भएको साथै उक्त किसानहरुलाई अनुदानमा कृषि चुना वितरण गरिएको छ। त्यसैगरी रेडक्रसकै साझेदारीमा वडा नं १ र २ मा तरकारी खेती, उखु खेती, सुन्तला खेती र कफी खेतीमा व्यवसायीक किसान बनाउन तालिमको कार्य सम्पन्न गरिएको। कृषि ज्ञान केन्द्रको सहयोगमा पालिका स्तरीय १ दिने र वडा नं १ मा १ दिने बाली उपचार शिविरको कार्य सम्पन्न गरिएको। वडा नं १ र २ का ३० जना कृषकहरुलाई रेडक्रसको साझेदारीमा एकीकृत शत्रुजिव व्यवस्थापन (IPM) तरकारी खेती सम्बन्धी २ दिने तालिम दिइएको। पशुमा लाग्ने रोगहरुको उपचारको लागी औषधी खरिद गरि वितरण गरिएको। वडा नं १ देखि ६ सम्म जम्मा २० जना कृषकहरुलाई भकारो सुधार कार्यक्रम सम्पन्न गरिएको छ। पशुहरुमा लाग्ने रोगहरुको अवस्था बारे तथ्याङ्क पठाउनको लागि ईपिडेमियोलोजिकल रिपोर्टिङ NAHIS MIS माध्यमबाट भईरहेको छ।

पशुपन्छीहरुमा लाग्ने महामारी रोगहरुको रोकथामको लागि खोप तथा लजिस्टिक सामाग्री खरिद गरी गाई भैंसीमा खोरेत रोगको खोप र भेडा बाख्रामा पि आर खोप सञ्चालन भएको छ। वडा नं १ धुपुमा पशु सेवा उपकेन्द्र सञ्चालनमा ल्याइएको छ। वडा नं १ देखि ६ सम्म जम्मा ४९१ जना कृषकहरुलाई हिउँदे घाँसको बिउ वितरण गरिएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सूचीकृत बेरोजगार व्यक्तिहरुलाई सडक मर्मत तथा पदमार्ग निर्माण तथा उद्यम विकासमा कार्य लगाई रोजगार उपलब्ध गराइ वडाहरुमा ग्याविन जाली निर्माण, मोटरबाटो सोलिङ्ग तथा पदमार्ग निर्माण भएको छ।

## ❖ वन ,वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

वनजैविक विविधता ,वन्यजन्तु ,वनस्पति , ब्यवस्थापनलाई समेट्ने गरी यसबाट प्राप्त हुने काठ ,दाउरा तथा हरित उद्यम विस्तार गरिएको छ। वडा नं ६ नयाँ बस्ती र  स्थित आगलागी बाट पिडित घरपरिवार र वर्षातका कारणले क्षती भएको कृषकहरुलाई समेत राहत वितरण गरिएको।

## ❖ सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना ,सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धीहरू:

गाउँपालिकालाई आवश्यक थप ४ वटा कार्यविधिहरू र १ वटा ऐन निर्माण गरी कार्यान्वयनमा ल्याईएको  छ। गाउँपालिकाले नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसार कर्मचारी पदपुर्ति गरि कार्यान्वयनमा ल्याएको छ। यस गाउँपालिकाले गत आ व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन. (LISA) मा ८६ अंक प्राप्त गरेको छ। राजश्व सुधार कार्ययोजनाको कार्य सम्पन्न भएको। आन्तरित राजश्व स्रोतको दायरामा वृद्धि भइ आन्तरिक राजश्व संकलनमा वृद्धि भएको छ।

## (६) आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू

### क. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

#### १. शिक्षा

- शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ ।
- सभापोखरी गाउँपालिकाको स्थानीय पाठ्यक्रमको कार्यान्वयन गरीनेछ ।
- अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ ।
- मातृभाषाको शिक्षणलाई निरन्तरता दिइनेछ ।
- सामुदायीक बिद्यालय अन्तर्गत रहेका श्री कालीका आ.बि. लेब्राङ र प्रकाश आ.बि. फाकुवालाई कक्षा ८ सम्म स्तरोन्नती गरी शिक्षाको पहुँचबाट बाहिर रहेका बालबालिकालाई शिक्षा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
- अनाथ तथा असाहाय विद्यार्थीहरू, विद्यालय बाहिर रहेका तथा बिचमै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ ।
- विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ ।
- एस्.ई.ई. (SEE) र कक्षा १२ को परीक्षामा उत्कृष्ट नतिजा ल्याउने छात्र/छात्रालाई पुरस्कृत गरी सम्मान गरिनेछ ।
- विद्यालयको आर्थिक, भौतिक, शैक्षिक तथा व्यवस्थापकीय गतिविधिका सन्दर्भमा प्र.अ., बि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक संघ अध्यक्ष र गाउँ

शिक्षा समितिसँग गुणस्तर सुधार, जवाफदेहीता अभिबृद्धि तथा शैक्षिक सुशासन कायम गर्नका लागि समय समयमा अन्तरक्रियात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- संस्थागत विद्यालयहरुमा समेत निरन्तर नियमन तथा अनुगमन कार्य गरिनेछ।
- अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई प्रोत्साहन दिई विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पहल गरिनेछ।
- विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी सभापोखरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको विज्ञता तथा अनुभवलाई उपयोग गरी शिक्षण सुधारका लागि पहल गरिनेछ।
- सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक व्यवस्थापन गरिनेछ।
- विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।
- सबै विद्यालयहरुमा क्रमशः पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापना गर्दै लगिने नीति लिइनेछ।
- विद्यालयको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गर्नका लागि विद्यालयका प्र.अ. तथा शिक्षकहरुलाई (IEMIS) सम्बन्धि तालीमको ब्यवस्था मिलाई विद्यालयका सम्पूर्ण तथ्याङ्कहरुलाई ब्यवस्थित ढंगले प्रविष्ट गर्ने व्यवस्था मिलाईनेछ।
- विद्युतीय पहुँच नभएका विद्यालयहरुमा विद्युतको पहुँच तथा बैकल्पीक उर्जा (सोलार) को ब्यवस्था गरी इन्टरनेटको पहुँच विस्तार गर्नका लागि आवश्यक कार्यहरु गरिनेछ।

- विद्यालयलाई प्रदान गरिने विभिन्न अनुदान तथा कार्यक्रमहरुलाई लक्षित वर्गसम्म पुर्याउनका लागि आर्थिक पारदर्शिताको नीति अवलम्बन गरिनेछ र विद्यालयको सामाजिक परिक्षणलाई अनिवार्य र अझ प्रभावकारी बनाईनेछ ।
- नियमित रुपमा विद्यालयहरुको सहभागितामुलक ढंगले भौतिक, शैक्षिक, आर्थिक तथा व्यवस्थापकीय पक्षहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी प्राप्त पृष्ठपोषणका आधारमा रणनितिहरु निर्माण तथा कार्यान्वयन गरिनेछ ।
- विद्यालयमा गुणस्तरीय दिवा खाजा कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजनलाई निरन्तरता दिईनेछ ।
- विद्यालयहरुमा शिक्षक–कर्मचारीहरुको नियमितता तथा प्रभावकारी शिक्षण सिकाई क्रियाकलापको लागि शिक्षकको शिक्षण सिकाईमा विताउने समयावधि मापन कार्यविधि अनिवार्य रुपमा लागू गरी ई-हाजिरीलाई क्रमागत रुपमा लागु गरिनेछ । साथै शिक्षक नियमितताको प्रभावकारी ढंगले अनुगमन गरिनेछ ।
- बिद्यालयका हरेक गतिविधिमा बिद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई अझ जिम्मेवार र जवाफदेही बनाउँदै लगिनेछ ।
- आवासीय छात्रवासका लागि संघ तथा प्रदेश सरकार संग समन्वय गरी व्यवस्थापन गर्ने नीति ल्याइनेछ ।
- गाउँपालिका भित्रका विद्यालयहरुको एस्.ई.ई. (SEE) परिक्षा पालिका भित्रकै विद्यालयमा संचालन गर्न व्यवस्था मिलाइनेछ ।
- विद्यार्थी सङ्ख्या, भौगोलिक अवस्था र भौतिक पूर्वाधारको अवस्था समेतलाई मध्येनजर गरि विद्यार्थी सङ्ख्या कम भएका विद्यालयहरुलाई समायोजन गर्ने निति अबलम्बन गरिनेछ ।
- विद्युतको पहुँच पुगेको विद्यालयहरुलाई आवश्यकताको आधारमा विद्युतिय सामाग्रीहरु उपलब्ध गराइनेछ । (computer, laptop, printer etc)

## २. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

- सभापोखरी गाउँपालिकालाई खुला वहुसांस्कृतिक संग्राहलयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता (वास्तुकला, मूर्तिकला, चित्रकला) झल्कने प्रतिकहरू निर्माण गर्ने नीति लिईनेछ।
- सभापोखरी गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्ने नीति लिइनेछ।
- सभापोखरी गाउँपालिका भित्र रहेको ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको धरोहरको रूपमा रहेको बाह्रबिसे-त्रिवेणीधाम धार्मिक पर्यटकीय क्षेत्र, सभापोखरी धार्मिक तथा पर्यटकिय क्षेत्र, बन्दुके धार्मिक तथा पर्यटकीय स्थल तथा अन्य सम्भावित पर्यटकिय क्षेत्रहरूको संरक्षण एवं प्रवर्द्धन गर्न गुरूयोजना बमोजिम पूर्वाधार संरचनाहरूको निर्माणलाई उच्च प्राथमिकतामा राखि विकास गरिनेछ।
- धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा रहेका सिलसिले पार्क, धुलिखेल गुफाडाँडा, गोरुजुरे हिमाल, रानीढुङ्गा, सिद्धेढुङ्गा, चप्लेवा, खेवारिङ महादेव स्थान, लामा लमेनी गुफा, बौलाह थुम्का, फरेवा झरना, हरेलो डाँडा, केलाङ साकेला पार्क, गढी डाँडा र दूम्सीकुरलाई पर्यटकीय क्षेत्रको रुपमा विकास, संरक्षण र प्रवर्द्धन गर्ने नीति लिईनेछ।
- सभापोखरी गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभूषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्नका लागि प्रोत्साहित गरिनेछ।

## ३. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

- खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ ।
- व्यावसायिक खेलकुद क्षेत्रको विकास र विस्तारका लागि अभ्यास कार्यक्रम संचालन गर्दै जाने नीति लिइनेछ ।
- विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाईनेछ ।
- युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवाहरूलाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत गराई स्वरोजगार उन्मुख गराइनेछ ।
- युवा बेरोजगारी न्यूनीकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, व्यावसायिक तरकारी खेती उत्पादन, रैथाने वालिको प्रवर्द्धन तथा ब्यावसायिक पशु पालन जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनीकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ ।
- खेलकुद क्षेत्रको विकास गर्न खेलकुद विकास समितिलाई क्रियाशिल र व्यवस्थित बनाउन आवश्यक कानुन र कार्यविधी निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- सभापोखरी गाउँपालिका क्षेत्र भित्र संचालन हुने खेलकुद आयोजनाहरुमा सौजन्यकर्ताहरुको खोजी गरी व्यावसायिक खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ ।
- खेलकुद प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ४. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

- लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- सभापोखरी गाउँपालिकाभित्र रहेका महिलाहरुलाई शशक्तिकरणका लागि आवश्यक कार्यविधि निमार्ण गरी कार्यान्वयनमा जोड दिइने छ ।
- महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ ।
- भुमिहिन, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लागि जमिन व्यवस्थापन गरिनेछ ।
- ऐतिहासिक कालदेखि दलित समुदायले जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ ।
- विकासका कार्यक्रमहरुमा समावेशी टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ ।
- अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम मार्फत अपाङ्गता भएका व्यक्तिहरुको पुनः स्थापनाका क्रियाकलापहरु संचालन गरिने छ ।
- अपाङ्गता परिचय पत्र व्यवस्थित गर्न अध्यावधिक गर्ने गराउने व्यवस्था मिलाईनेछ ।
- सभापोखरी गाउँपालिकामा जटिल समस्याको रुपमा रहेको वाल विवाह लाई न्यूनीकरण गर्नका लागि आवश्यक नीति निमार्ण गरी कार्यान्वयन गरिने छ ।
- हिंसामा परेका महिला तथा बेसाहारा व्यक्तिहरुलाई सेफहाउस भएको स्थान सम्म पठाउन सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

- महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा सञ्चालन गरिएका व्यवसायहरूलाई प्रोत्साहन गरिनेछ।
- गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
- सभापोखरी गाउँपालिका तथा वडास्तरीय बाल संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
- हरेक वडामा बालबालिकाको विकासका लागि बालक्लव व्यावस्थापन अभियान संचालन गरिनेछ।
- व्यक्तिगत घटना दर्ता अनलाईन नभएका व्यक्तिहरुको तथ्याङ्क संकलन तथा अभिलेखिकरण गरी अनलाईन घटना दर्तालाई निरन्तरता दिइनेछ।
- महिलाहरुलाई सक्षम बनाउन सिपमूलक, क्षमता अभिवृद्धि गर्ने तथा आत्मरक्षा सम्बन्धी तालिम दिइनेछ।
- महिलाहरुलाई आत्मनिर्भर बनाउन लोकसेवा तयारी कक्षा सञ्चालन गर्न बजेटको व्यवस्थापन गरिनेछ।
- ज्येष्ठ नागरिकहरुलाई सम्मान गर्दै वहाँहरुको ज्ञान, सिप र अनुभवहरुलाई नयाँ पिडिमा हस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- सुत्केरी आमा तथा शिशु भेटघाट कार्यक्रम सञ्चालन गरिनेछ।

## ५. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

- नागरिकको पहुँच सुनिश्चित गरी सभापोखरी गाउँपालिकामा ५ शैयाको आधारभूत अस्पताल सञ्चालन गरिनेछ।
- वृद्ध-वृद्धा तथा “क” वर्गका अपांगता हरुको घर-घरमै स्वास्थ्य उपचारमा पहुँच स्थापित गर्ने कार्यका लागि गाउँघर स्वास्थ्य परिक्षण र स्वास्थ्य सेवाको पहुँच पुर्याउन स्वास्थ्य शिविर संचालन गरि निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाईनेछ।

- गाउँपालिकाका सबै वडा र बस्तीहरुमा खानेपानी तथा शौचालयहरुको अनुगमन तथा निरीक्षण गरी आवश्यक ब्यवस्थापन गर्न पहल गरिनेछ।
- एम्बुलेन्स सेवालाई सर्वसुलभ र सबैको पहुँच योग्य बनाई सेवालाई निरन्तरताका दिईनेछ।
- बालबालिकाहरूलाई सुपोषित बनाउनका लागि पोषणमैत्री कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- सभापोखरी आधारभूत अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिनेछ।
- नसर्ने तथा मानसिक रोगहरुको स्कृनिङ्ग तथा उपचार गरिनेछ तथा मनोपरामर्श सेवा उपलब्ध गराइने छ।
- सभापोखरी गाउँपालिका स्थित सामुदायिक विद्यालयहरूमा अध्यनरत किशोरावस्थाका छात्राहरूलाई तोकिए बमोजिमको स्यानिटरी प्याड उपलब्ध गराई त्यसको समुचित व्यवस्थापनका लागि पहल गरिनेछ।
- नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको जाँच र उपचारको प्रबन्ध मिलाईनेछ।
- सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाईनेछ।
- बर्थिङ्ग सेन्टर र स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवालाई स्तरोन्नति गरिनेछ।
- नेपाल रेडक्रस सोसाइटी लगायत अन्य संस्थाहरुसँग सहकार्य र समन्वय गरी स्वास्थ्य सेवा विस्तार गरिनेछ।
- अति विपन्न परिवार तथा 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिले गाउँपालिकाबाट पाउने भत्ताको सट्टा नीजको परिवारलाई नि:शुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- सभापोखरी गाउँपालिकावासीहरुको स्वास्थ्य जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवालाई निरन्तर गरिनेछ।

- महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ ।
- स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ ।
- गर्भवती तथा सुत्केरी महिलालाई प्रसुती सेवा संचालन भएका स्वास्थ्य संस्था सम्म निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।
- सभापोखरी गाउँपालिकामा परिवार नियोजन तथा प्रजनन् अधिकारलाई सुनिश्चित गरिनेछ ।
- बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- किटजन्य रोग रोकथामका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- शारिरिक क्रियाकलाप गर्न पार्क, व्यायमशाला तथा खुल्ला व्यायमशाला निर्माण तथा सञ्चालन गरिनेछ ।

## ख. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

- स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि सभापोखरी गाउँपालिकाले विशेष पहल गर्नेछ ।
- वितरणमुखी कार्यक्रमलाई रुपान्तरण गरी उत्पादन मुखी कार्यक्रम (बिउँ पुजी) को रुपमा कार्यक्रमहरु तय गरीनेछ ।
- तरकारी तथा नगदे बालीको विकास र विस्तारको लागि सिंचाई व्यवस्था मिलाउन सिंचाई पाईप खरिद गरि ५०% अनुदानमा उपलब्ध गराईनेछ । साथै भौतिक पूर्वाधार निर्माणका क्रममा भएको सिंचाई क्षतिमा सिंचाईको लागि पाईप उपलब्ध गराईनेछ ।

### १. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

- ब्यावसायिक विकासका लागि सभपोखरी गाउँपालिकाले उद्योग वाणिज्य संघसँग साझेदारीको नीति लिइनेछ ।

- स्थानीय उद्यम तथा व्यवसायलाई आवश्यक पर्ने कच्चा पदार्थको व्यवस्थापन गरी उत्पादित बस्तु र सेवाको निर्यात तथा वस्तुको बजारीकरणमा विशेष व्यवस्था गरिनेछ ।
- सभापोखरी गाउँपालिका भित्र घरेलु तथा साना उद्यमको विस्तार गरिनेछ । स्थानीय सीप, स्रोत र साधनलाई प्रयोग गरी टपरी बनाउने, राडीपाखी, अल्लो खाँडी, ढाका जस्ता उत्पादन गर्ने लक्षित वर्गलाई सहजिकरण गरिनेछ ।
- काठ तथा बेत बाँसजन्य उद्योगलाई प्रवर्द्धन र व्यवस्थित गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।
- उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।
- सभापोखरी धार्मिक तथा पर्यटकीय क्षेत्रलाई पर्यटन क्षेत्र घोषणा गरी राष्ट्रिय सम्पदा सूचिमा सूचिकृत गराई ट्रेकिङ रुटको लागि सम्बन्धित निकायमा निरन्तर पहल गरिनेछ ।
- पर्यटन मार्फत आर्थिक समृद्धि हाँसिल गर्न सभापोखरी गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- सभापोखरी गाउँपालिकाका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ ।
- विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादनको सेवा उपलब्ध गरिनेछ ।
- सभापोखरी धार्मिक पर्यटनलाई प्रचार-प्रसार गर्न विभिन्न निकायसँग सहकार्य गर्ने नीति लिईनेछ ।
- दुग्ध सङ्कलन केन्द्र स्थापना गरि उत्पादन कार्यलाई व्यवस्थित गरि बजारिकरणको व्यवस्था मिलाईनेछ ।

- सभापोखरी गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री  प्रसारण र व्रोशर हरुको विकास गरिनेछ ।
- अन्तर पालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भगिनी सम्बन्ध विस्तार गरिनेछ ।
- सिसा जन्य पेय पदार्थ उपभोग पश्चातका सिसाजन्य पदार्थहरु सम्बन्धित डिलरले आफै फिर्ता लाने व्यवस्था काडाईका साथ कार्यन्वयन गरिनेछ ।
- सभापोखरी गाउँपालिकामा सहिद स्मृति पार्क निर्माण गर्न पहल गरिनेछ ।

## २. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

- फलफुल, तरकारी, कफि तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ ।
- रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाईनेछ । सभापोखरी गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको खाना उपलब्ध गराइनेछ ।
- कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ ।
- सभापोखरी गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत तथ्याङ्क संकलन गरिनेछ ।
- कृषि उत्पादनलाई बजारीकरण गर्न कृषि एम्बुलेस सञ्चालनमा निरन्तरता दिईनेछ ।
- ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण थालनी गरिनेछ ।

- आधुनिक व्यावसायिक भेडा, बाख्रा, गाई, भैसी, बंगुर, च्याङ्ग्रा लगायत अन्य पशुपन्छी फर्मको विकास गर्न जोड दिइनेछ ।
- पशुमा लाग्ने महामारीका रुपमा फैलन सक्ने रोग नियन्त्रणका लागी आवश्यक बजेट र प्राविधिकको व्यवस्थापनलाई निरन्तरता दिईनेछ ।
- स्थानिय उत्पादनलाई प्राथमिकता दिदै उत्पादित वस्तु तथा समाग्रीहरुलाई विक्रिको लागि बजारिकरण गर्ने व्यवस्था मिलाइनेछ ।
- सभापोखरीको आम्दानीको ठूलो मेरुदण्ड अलैंचि खेती विस्तार गर्न नर्सरी स्थापना गरी रोग नियन्त्रण गर्न विज्ञहरुसंग समन्वय गरि सहयोग गर्ने नीति ल्याइनेछ ।
- गरीब तथा विपन्न परिवारहरुलाई पहिचान गरी तरकारी खेतीमा अनुदान दिने नीति लिईनेछ ।
- गाउँपालिकाका प्रत्येक वडामा पशु स्वास्थ्य सेवा सुनिश्चित गर्न निजी पाराभेट र ग्रामीण स्वास्थ्य कार्यकर्ताहरु परिचालन गरिनेछ ।
- माछा संरक्षण गरी व्यवसयिकिकरण गर्न नीति लिइनेछ ।
- कृषिलाई व्यवसायिक तथा आधुनिकिकरण तर्फ अगाडि बढाइनेछ ।
- व्यवसायीक पशुपालनलाई मध्यनजर गरी उत्पादक संचरना निर्माण गर्ने ।

## ३. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

- सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ ।
- सभापोखरी गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ ।

- सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई प्राथमिकता दिइनेछ।

## ४. रोजगार सम्बन्धी नीति तथा कार्यक्रम

- रोजगार प्रवर्द्धनका लागि भैरहेका उद्धमीहरुको संरक्षण र नयाँ उद्यमी श्रृजनाका लागि लघु उद्यम विकास कार्यक्रम लाई युवा रोजगारी सँग जोडीने छ।
- नयाँ लघु उद्यमी श्रृजनाका लागि व्यावसायिक सचेतना तालिम कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमको लगत संकलन गर्ने पहिचान गर्ने र कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाबाट विनियोजित योजनाहरुबाट प्रत्यक्ष लाभग्राहीहरु स्थानीयबासी हुने र स्थानीयबासीमा रोजगारी सिर्जना हुने अवस्थामा उक्त आयोजनाहरु टोल बिकास समिति मार्फत सञ्चालन गर्न थालनि गरिनेछ।
- वैदेशिक रोजगारीबाट आर्जित पुँजी सीप, अनुभवको प्रयोग गरी स्वदेशमा उद्यमशीलता प्रवर्द्धन क्षेत्रमा लगानी गरी योगदान दिने उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ।
- सभापोखरी गाउँपालिकामा स्वरोजगार उन्मुख कार्यक्रमहरुलाई प्रोत्साहन दिइनेछ।
- सभापोखरी गाउँपालिकालाई श्रम संचारसँग जोडिनेछ।

## ५. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

- सञ्चारको माध्यमलाई व्यवस्थापन गर्न सूचना प्रवाह गर्न यस गाउँपालिकाको वेबसाइटलाई चुस्त दुरुस्त बनाईनेछ।

- दूर सञ्चार सेवालाई प्रभावकारी बनाउन हाल सञ्चालनमा रहेको टेलिकमका टावरहरुको स्तरोन्नती तथा आवश्यकता अनुसार थप टावरको निर्माणमा जोड दिई मोवाईल 4G नेटवर्कलाई चुस्त दुरुस्त बनाउन आवश्यक कार्यहरु अगाडी बढाईनेछ ।
- विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ ।
- नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै सभापोखरी गाउँपालिकालाई सूचना मैत्री बनाइनेछ ।

## ६. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

- न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाईनेछ ।
- न्यायिक समितिमा कार्यलाई प्रभावकारी बनाउन सफ्टवेयरको प्रयोग गरिने छ ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान, सिप र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- सभाबाट हालसम्म निर्माण भएका ऐन, कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ ।
- सभापोखरी गाउँपालिकाबाट पारीत तथा अनुमोदन, संसोधन भएका ऐन, नियमावली, कार्यविधि लगायतका कानूनहरुलाई स्थानीय राजपत्र तथा वेबसाईटमा प्रकाशन गरीने कार्यलाई थप प्रभावकारी बनाइने छ ।
- विषयगत समितिले पेश गरेको प्रतिवेदनको आधारमा कार्यपालिकाले छलफल गरी निर्णय लिने नीति अवलम्बन गरिनेछ ।

- बहुसरोकारवाला तथा अन्तर व्यक्ति विरोधका विवादहरु, पक्षहरुको सम्बन्ध सुधार सहित रुपान्तरणको लागी वडा तथा पालिकालाई नमूनाको रुपमा स्थापित गर्न द्वन्द्व रुपान्तरण केन्द्र नेपाल सँग सहकार्य गरिनेछ ।
- जल, जमिन र जंगल सगँ सम्बन्धित स्थानिय समुदायको विवाद पक्षहरुको सम्बन्ध सुधार सहित रुपान्तरणको लागि बहु सरोकारवाला विवादमा काम गर्ने सघं सस्था वा सरोकारवाला सगँ साझेदारी गरिनेछ ।

## ७. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी नीति तथा कार्यक्रम

- सभापोखरी गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी पार्श्व चित्र (Profile) तयार गरिनेछ ।
- सभापोखरी गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन गर्न नागरिक गुनासो ब्यवस्थापन प्रणाली लागु गरिनेछ ।
- आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
- व्यवसाय दर्ता कार्य अनलाईन बनाइ सेवा प्रभाह व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- कार्यालयमा प्राप्त लिखित तथा मौखिक उजुरी तथा गुनासाहरूलाई तत्काल सम्बोधन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

- गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा रहेको उजुरी पेटिकालाई द्वैमासिक रुपमा खोली प्राप्त उजुरी तथा गुनासोहरुलाई आवश्यक सम्बोधन गरिनेछ ।
- प्रत्येक महिनाको आय/व्ययको मास्केवारी सभापोखरी गाउँपालिकाको सूचना पाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।
- जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
- सभापोखरी गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ ।
- सभापोखरी गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयरको निरन्तरत गरिने छ ।
- प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने  सेवा र सुविधाको परिपुरकका रुपमा प्रोत्साहन भत्ता, खाजा भत्ता, फिल्ड भत्ता जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ ।
- सभापोखरी गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. (CCTV) क्यामेरा जडान विस्तार गरिनेछ ।
- कर्मचारीहरुको सेवाको वैज्ञानिक ढंगले संगठन तथा ब्यवस्थापन सर्वेक्षण तयार गरी दरबन्दी संरचना निर्धारण गरी स्थायी पदपूर्ति गर्ने नीति लिइनेछ ।
- आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ ।

- सभापोखरी गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।
- सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।
- संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।
- सभापोखरी गाउँपालिकाबाट गरिने आम्दानी तथा खर्च र त्यसको लेखाङ्कन प्रचलित कानूनद्वारा निर्दिष्ट प्रक्रिया अनुरुप भए वा नभएको परीक्षण आन्तरीक लेखापरिक्षक र महालेखा परिक्षकको कार्यालयबाट समयमै गराइ वित्तीय पारदर्शीता र जवाफदेहिता कायम गरिनेछ।
- पञ्जिकरण सम्बन्धी बाँकी तथ्याङ्कहरुलाई digitization गरी पूर्ण रुपमा Online मार्फत सेवा प्रवाह गरिनेछ।
- सामाजिक सुरक्षा तथा पञ्जिकरण को कार्यक्रमलाई थप प्रभावकारी बनाउन कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई प्रभावकारी बनाउन Iris Device खरिद गरी कार्यन्वयनमा ल्याइनेछ।

## ग. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### १. खानेपानी तथा सरसफाई

- खानेपानी समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानी उत्पादन तथा वितरणको ब्यवस्था मिलाईनेछ।

- विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ ।
- सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ ।
- टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा डम्पिङ साइट व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ ।
- अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ । जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ ।
- प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ ।
- चिण्डेखोला लघु जल विद्युतलाई व्यवस्थित गरि करको दायरामा ल्याईनेछ ।
- सभापोखरी गाउँपालिका भित्र निर्माणाधिन हाइड्रो पावरहरु बाट प्रभावित जनताहरुलाई सेवा सुविधा तथा अधिकारहरु उपलब्ध गराउन आवश्यक पहल गरि सेवा सुविधा सूनिश्चित गरिनेछ ।
- केन्द्रिय विद्युतीयकरण सेवा पुग्न बाँकी रहेका ठाउँहरुमा संघ र प्रदेश सरकार सँग समन्वय गरी विद्युत विस्तार गरिदै लगिनेछ ।
- सभापोखरी गाउँपालिका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ ।
- नेपाल रेडक्रस सोसाइटी खानेपानी सरसफाई स्वच्छता प्रवर्धन जिवीकोपार्जन जलवायु परिवर्तन अनुकुलन र विपत जोखिम व्यवस्थापनमा सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ ।

## २. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

- पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
- खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ।
- ढुंगा, गिट्टि, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।
- भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ।
- विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, नीजी क्षेत्रसँगको सहयोग समन्वय र सहकार्य गरिनेछ।
- विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
- सभापोखरी गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरिइ अनुसार सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।
- सभापोखरी गाउँपालिका स्थित खानीहरुको संरक्षण र सम्बर्द्धन गर्ने नीति अबलम्बन गरिनेछ।
- हरित उद्यम प्रत्साहन गरिने छ।

## ग. भौतिक पूर्वाधार विकास (शहरी योजना, बस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

- सभापोखरी गाउँपालिकाको केन्द्र देखी जिल्ला सदरमुकाम जोड्ने सडक (बाह्रबिसे-डके-खाँदबारी) लाई बाह्रै महिना सहज आवतजावतका लागी स्तरोन्नती तथा कालोपत्रे कार्यलाई निरन्तरता दिइनेछ।
- बाह्रबिसे-डके-खाँदबारी सडक लगायत अन्य मुख्य मुख्य सडकहरुको लगत कट्टा गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- सभापोखरी गाउँपालिकामा निर्माण सम्पन्न भएको ५ शैयाको अस्पताल भवनलाई सञ्चालनमा ल्याइनेछ।
- गाउँपालिकाका महत्वका आयोजनाहरु सडक, पुल, भवन, खानेपानी, पर्यटकीय स्थल निर्माण र अन्य आयोजनाहरू सम्भाव्यता अध्ययन, बातावरण प्रभाव मूल्याङ्कन र डि.पि.आर (DPR) गरि प्रदेश सरकार र संघिय सरकारमा आयोजना माग गरीनेछ।
- सभापोखरी गाउँपालिकाको भू-उपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ।
- दिर्घकालिन लगानी मार्ग दर्शनका लागि सभापोखरी गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
- आवासको हकलाई सुनिश्चत गर्न सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनमा निरन्तरता दिदै फुसको छाना हटाउने कार्यमा पहल गरिनेछ।
- सभापोखरी गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने बाह्रबिसे-खादँबारी सडक, बाह्रबिसे-वाना-चैनपुर सडक, धुपु बृहत खानेपानी, गाउँपालिकाको प्रशासकीय भवन निर्माण र सभापोखरी धार्मीक पर्यटकीय

आयोजनाहरु सभापोखरी गाउँपालिकाको गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ ।

- विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ ।
- सभापोखरी गाउँपालिका भित्र भु-उपयोग बर्गिकरणको आधारमा कार्यान्वयन गर्दै लगिनेछ ।
- सभापोखरी गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ ।
- सभापोखरी गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।
- सार्वजनिक खुल्ला स्थानको पहिचान गरी पर्यटन प्रवर्द्धन गर्न पार्क निर्माणका कार्य अगाडी बढाइनेछ ।
- सभापोखरी गाउँपालिका केन्द्रमा एक बसपार्क व्यवस्थापनका लागि पहल गरिनेछ ।
- पालिका भित्र आवश्यक मोटरेवल पुल निर्माणका लागि डि.पि.आर. तयार गरी संघ र प्रदेश सरकारमा आवश्यक बजेट तथा योजना माग गरी निर्माण कार्य अगाडी बढाईनेछ । साथै झो.पु. निर्माण गर्न संघ र प्रदेश सरकारमा समन्वय गरि बजेट ब्यवस्थापन गर्ने नीति निर्माण गरिनेछ ।
- सभा, लंखुवा र भोटी खोला कोरिडोर थालनि गर्ने नीति लिइनेछ ।
- प्रत्येक वडाको महत्वपुर्ण सडकहरुको स्तरोन्नती  तथा निर्माण कार्यलाई निरन्तरता दिइने छ ।
- निर्माणाधिन जनज्योती मा.वि. २४ कोठे भवन र प्रकाश आ.वि. को भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न गरिने छ ।

- गाउँपालिकामा आयोजना बैंक स्थापना गरि गौरवका आयोजनाहरुलाई समावेश गरी प्राथमिकताका आधारमा कार्यान्वयन गरिने छ ।

**ङ.राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम**

- आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ ।
- राजश्व सुधार कार्ययोजना कार्यन्वयन गरिनेछ ।
- आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गै.स.सको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र संघीय सरकारका निकाय तथा गै.स.स. र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ ।
- करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ । प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ ।
- सभापोखरी गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ ।
- ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थको उत्खनन् तथा निकासी कार्यलाई कानून बमोजिम व्यवस्थित गरीदै लगिने छ ।
- करदाताहरुलाई आफुले तिर्नु पर्ने कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतीय प्रणालीद्वारा सन्देश प्रवाहित गर्ने नीति लिइनेछ ।
- राजश्व संकलन कार्यलाई पारदर्शी र प्रभावकारी बनाउन अनलाईन राजश्व संकलन प्रणालीलाई निरन्तरता दिइनेछ ।
- करदातालाई कर तिर्न प्रोत्साहन गर्नका लागि कर छुटको नीति लागु गरिने छ ।

## च.लेखाङ्कन

- सुत्र राजश्व मोडलमा राजश्व प्रणालीको हाल संचालनमा रहेको आंशिकबाट पुर्ण रुपमा आ.व. २०८२।०८३ बाट रुपान्तरण गरी कार्यान्यवन गरिनेछ ।